**मासिक अप्डेट**

**सेप्टेम्बर । २०१६**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

## मोहि शिविर




सिन्धुपाल्चोक जिल्लाको तीन गाविसमा चारवटा मोही शिविर सम्पन्न भयो । समुदायमा बास बस्ने र समुदायमा नै खाने व्यवस्था गाउँ भूमि अधिकार मञ्चले गरेको थियो । मोहि शिविरमा जम्मा ३३८ जनालाई मोहि बाँडफाँट तथा नामसारी र भूकम्प प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता सम्बन्धि कार्यविधिबारे सचेतिकरण गरिएको थियो । जसमा महिला २३४ र पुरुष २०४ जना सहभागी थिए । शिविरको सहजीकरण जिल्ला संयोजक माधब ढकालले गर्नुभएको थियो ।

२/२ दिने उक्त शिविरमा मोहि बाँडफाँडका लागी प्रमाणहरु जुटाउने रणनीति, निवेदन लेखन, वडा मुचुल्का लेखन र मोहि बाँडफाँडको प्रकृिया ,राजपत्रबारे छलफल, मोहि बाँडफाँड गर्नको लागी आवश्यक पर्ने प्रमाणहरु, मोहि किसानहरुले ध्यान दिनुपर्ने कुराहरु बारेमा सचेत गराउदै कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको अन्तिममा जग्गा बाँडफाँडको लागी किसानहरुले योजना निर्माण गरेका थिए । शिविर पछि मोहि किसानहरुको हेलम्बुमा ७, नवलपुरमा १०,गातीमा २५ जनाको निवेदन तयार भएको छ ।

त्यस्तै दाङको सिसहनियामा पनि गाविस स्तरिय मोही भेला भयो । मोहीवारे सचेत गरेपछि रामबहादुर चौधरीले २०३६ सालदेखि जोतभोग गर्न छोडेको मोही लागेको जग्गा जोतेका छन । १५ जना मोहीले आवश्यक कागजात तयार परेका छन । भेलामा २७ जना मोहीको सहभागिता रहेको थियो ।

दाङ्ग, बाँके र बर्दिया र सर्लाहीमा गरि जम्मा १२ जोडीले संयुक्तपुर्जा निर्माण गरेका छन् ।

## संयुक्त पुर्जा निर्माण:

संयुक्त पुर्जा निर्माणको लागी सिन्धुपाल्चोकमा तीन जनाको समुहले समुहले ७० घरधुरीमा घरदैलो कार्यक्रम संचालन गरेको थियो । त्यस मध्ये ३५ वटा घरधुरीहरुले संयुक्तपुर्जा बनाउन सहमत भएका थिए । सहमति भएका मध्ये २५ घर परिवारको श्रीमान श्रीमतिको नागरिकता, लालपुर्जा तिरो तिरेको रसिद सङ्कलन भएको छ । सङ्कलन भएको कागजपत्रको आधारमा निवेदन लिखत तयार भएको थियो र

भिमटारमा पनि घर दैलो गरी जोडिलाई सचेत गराउनुका साथै र प्रमाणहरु सङकलन गर्ने काम भईरहेको छ ।

## संयुक्त लाल पुर्जा सम्बन्धी रेडियो नाटक प्रसारण तथा सहजीकरण

(रसुवा)- संयुक्त लालपुर्जा सम्बन्धी जानकारी दिने उद्देश्यले "संयुक्त लाल पुर्जा बनाऔ, महिलाको कामको कदर गरौ" भन्ने सुचना सहित संयुक्त लाल पुर्जा सम्बन्धी जानकारी मुलक पर्चालाई तामाङ भाषामा छापेर वितरण गरिएको थियो जसले तामाङ समुदायको मानिसहरुले संयुक्त लाल पुर्जाबारे सहज रुपमाबुझ्न सफल भएका थिए ।

त्यसैगरी, कर्डएड नेपालको सहयोगमा भूमिअधिकार मञ्च तथा आत्मनिर्भर सेवा केन्द्र रसुवाको समन्वयमा संयुक्त लाल पुर्जा सम्बन्धी रेडियो नाटक प्रसारण गरिएको थियो । जसमा - संयुक्तपुर्जा के हो ? यसका फाईदाहरु, पुर्जा बनाउने प्रक्रिया तथा आवश्यक सामाग्रीहरु बारे जानकारी गराइएको थियो ।

ओखल्ढङ्गा. उदयपर र सर्लाहीमा गरी जम्मा ७ वटा गाउँ मञ्च गठन भएका छन ।

## भूमिअभियानका लागी कोष बाकस

भूमिअधिकार अभियानलाई दिगो बनाउने उद्देश्यले रसुवा जिल्लाको भूमिघरमा कोष संकलन बाकस स्थापना गरिएको छे । भूमिघरमा आउने किसान, अतिथि, आत्मनिर्भर केन्द्रका कर्मचारी, जिल्ला मञ्च पदाधिकारी सबैबाट कोष सङ्कलन को शुरुवात भएको छ । उक्त कोष बाकसमा कार्यरत टिमले दैनिक एक रुपियाँ जम्मा गर्ने निर्णय भएको छ । उक्त कोष बाकसमा सङ्कलन हुने रकम जिल्ला मञ्चको भूमि अधिकार अभियानमा खर्च गरिनेछ ।

## मानवअधिकार मुखी अवधारणा तालिम

मानव अधिकार मुखी अवधारणा तालिम २०७३ असोज ७,८,९ र १० गते काठमाडौंमा सम्पन्न भएको छ ।




तालिममा भूमिअधिकार मञ्चका अगुवा, अभियानका कार्यकर्ता तथा जिल्ला संयोजकहरु जसमा १४ जना महिला, ६ जना दलित र १५ जना जनजाती गरि जम्मा ३२ जनाको सहभागिता रहेको थियो । उपस्थित भएका सहभागीहरुलाई मानव अधिकार, गरिबी तथा विकास सम्बन्धि यसको महत्व तथा आशय बुझाउने नै तालिमको मुख्य उद्देश्य रहेको थियो । समुदायमा गरिएको वकालत तथा नेटवर्किङ्गका पक्षमा सुधार गर्नुपर्ने कुरालाई अझै बुझेर जानुपर्ने कुरालाई आत्मनिर्भर केन्द्रले महशुस गरेको थियो । यो कार्यक्रमका मुख्य विषयवस्तुहरु जस्तै विकास सम्बन्धि दृष्टिकोण तथा बुझाई, मानवअधिकार मुखी अवधारणामा जोड, शक्ती, सशक्तीकरण तथा सामाजिक परिवर्तन र दिगो विकासका लक्ष्यहरु २०३० रहेका थिए भने तालिमको सहजीकरण नन्द कदवा, राज रजक र दया सागर श्रेष्ठले गर्नु भएको थियो ।

## सहकारी विकास तालिम

भूमि अधिकार मञ्चको सहयोगमा २०६९ सालमा स्थापना भएको गुन्द्रुक कृषि सहकारी संस्था सहकारी नवलपुरको सहकारी भन्दा कमजोर रहेकाले जिल्ला मञ्चको टोली उक्त सहकारीलाई बलियो र राम्रो बनाउने उद्देश्यले राम्चे गई बैठक बसेको थियो । बैठकमा सहकारीको आधारभूत कुराहरु जस्तै शेयर,बचत,सहकारीको सिद्धान्त,लेखापरिक्षण,साधारण सभा,सहकारीको योजना ऋण लगानी र असुलीको बारेमा छलफल भएको थियो । बैठकमा सहभागीहरुले साँवा ब्याज हिसाब गर्न नजानेको बताए पछि उहाँहरुलाई ब्याज निकाल्ने सुत्रप्रयोग गरी ऋण लानेहरु ९ जना मध्ये ५ जनाको बास्तविक हिसाब निकालिएको थियो । बैठक पछि सहकारीको लेखापरिक्षण,सहकारीको बार्षिक प्रगती प्रतिवेदन र सहकारी विकास तालिम बार्षिक साधारण सभा गर्ने योजना निर्माण भएको छ ।

## क्षमता अभिबृद्धीकालागी स्थानीय अभियान

ओखल्ढुङ्गाको च्यानाम, मूलखर्क, र कटुञ्जेमागरी ३ वटा स्थानीय अभियानहरु सम्पन्न भएका छन् । मूलखर्क गाविसको वडा नं. १ मा समुदाय भेला गरी वार्षिक रुपमा गाविसबाट छुटिट्ने १५ प्रतिशत बजेट विषयमा अभिमुखीकरण सम्पन्न गरियो जसमा ३७ जनाको उपस्थिती रहेको थियो ।

त्यसै गरी विगत ४ वर्ष देखि मञ्चमा आवद्ध भएर काम गर्दै आएका केहि अगुवा कार्यकर्ता र नयाँ गाउँ मञ्चका केहि सहभागीहरुलाई भेला गराई च्यानाम र कटुञ्जे गाविसमा छुट्टा छुट्टै सहभागीहरु राखेर २०७३ असोज २ र ३ गते भूमि सम्बन्धि र भूमि अधिकार मञ्चले समुदायमा गरिराखेका कामहरु सम्बन्धि हाजिरी जवाफ कार्यक्रम सम्पन्न गरियो । जसले गर्दा नयाँ सहभागीहरुलाई नयाँ कुराको सिकाई भएको र पुराना अगुवा कार्यकर्ताहरुको क्षमता विश्लेषण गरी उनीहरुको क्षमतामा के कति विकास भयो भन्ने कुराको मापन गर्न सहज भएको थियो । आफ्नो क्षमताको विश्लेषण गर्न सहभागी स्वयं आफैलाई पनि सजिलो भएकोले पटक पटक यस्तो कार्यक्रम भएमा सुधार आउँने र धेरै ज्ञान हासिल हुने रहेछ भन्ने सहभागीहरु बाट प्रतिक्रिया पनि प्राप्त भएको थियो ।

## उठिवास विरुद्ध प्रधानमन्त्रीलाई ज्ञापन पत्र

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सिरहाको गोलबजारमा हुने सभामा सहभागी हुन आउने भएपछि सिरहाको पडरिया, हनुमाननगर कुर्वा, सग्रामपुर, गोविन्तपुर लगायतका ठाउँमा भइरहेको उठिवासबारे ध्यानकर्षण पत्र तयार गरि बुझाइएको छ । प्रधानमन्त्रीले दिएको निर्देशन विपरीत वन कार्यालयले सिरहाको गोविन्दपुरमा २६ घर परिवारलाई उठिवास लगाउन खोजेपछि प्रधानमन्त्रीलाई सिरहाको भूमिहीनहरुको तर्फबाट ध्यानाआर्षण पत्र तयार गरि दिइएको छ । वर्षातका कारण अन्तिम समय प्रधानमन्त्री आउन नसकेपनि हेडक्वाटर सदस्य मातृका यादब मार्फत प्रधानमन्त्रीलाई ध्यानआर्षण पत्र पठाइएको हो ।

**बलजफती बेदखली र संयुक्त पुर्जाले पारेको प्रभाव सम्बन्धी डकुमेन्ट्री निमार्ण:** आत्मानिर्भर सेवा केन्द्रबाट आएका पत्रकार भिडियो तथा फोटोग्राफि बालकृष्ण शर्मासँग बेदखल, उठिबास घटना र पुर्नबसोबास भएका घटना स्थलहरुमा गई भिडियो लिने काम सम्पन्न भयो ।

## सामाजिक लेखाजोखा



सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले यहि असोज १०, २०७३ मा नवौं सामाजिक लेखाजोखा कार्यक्रम काठमाडौंमा सम्पन्न गरेको छ । अभियान कार्यकर्ता तथा अगुवाहरु नै यस कार्यक्रमका महत्वपुर्ण सहभागीको रुपमा उपस्थित थिए । त्यसैगरि कार्यक्रममा सरकारी/गैर सरकारी तथा नागरिक समाजका प्रतिनिधीहरुको पनि उपस्थित रहेको थियो । विभिन्न जिल्ला बाट आउनुभएका अगुवा तथा गाउँ भूमिअधिकार मञ्चका सदस्यहरुले आफ्नो अनुभव सबैसंग बाँड्नुभएको थियो साथै उहाँहरुले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमिअधिकार मञ्च प्रति आभार प्रकट गर्नुभएको थियो । संस्थाको आर्थिक तथा कार्यक्रमको प्रगती विवरण प्रस्तुत गरिएको थियो । त्यस्तै उपस्थित प्रतिनिधीहरुबाट समिक्षा, रचनात्मक आलोचना तथा सुझावहरु लिने काम भएको थियो । सुझाव तथा प्रतिक्रियाहरु यस प्रकार छन् :

- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र पुर्ननिर्माणको काममा बढि लागेर भूमिको मुद्दा ओझेलमा पर्‍यो । विभिन्न ऐन बन्ने प्रक्रिया चलिरहेको सन्दर्भमा संस्थाको ध्यान यसतर्फ जानुपर्छ ।
- ७५ वटै जिल्लामा जिल्ला मञ्च विस्तार गर्न र उनीहरुको अभियान संचालनमा आत्मनिर्भर केन्द्रले सघाउनुपर्छ ।
- विभिन्न अर्न्तराष्ट्रिय कानुनलाई आधार बनाएर भूमिको मुद्दा उठाउन सक्दा छिटो भूमिअधिकार प्राप्त गर्नलाई सहयोग पुग्छ । त्यसतर्फ संस्थाले सोचोस् ।
- समय परिवर्तनसंगै आन्दोलनको रणनितीमा पनि फेरबदल गरिनुपर्छ । भूमिअधिकारको अधियानलाई समुदायमास्तरमा निश्चित राजनितिक दलको कार्यक्रमको रुपमा बुझिन्छ । यसलाई चिर्नु जरुरी छ ।

## बार्षिक साधारण सभा

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको एक्काइसौ बार्षिक साधारण सभा १४ महिला गरि जम्मा ३२ जना साधारण सदस्यहरुको सहभागितामा २०७३ असोज ८ गते सम्पन्न भएको छ ।

कार्यक्रममा, विषेशगरि संस्थाको आर्थिक कारोबार कार्यक्रमका उपलब्धीहरु बारे विस्तृत रुपमा जानकारी दिनको लागी कार्यक्रमको प्रगति तथा वित्तिय विवरण प्रस्तुत गरिएको थियो । कार्यक्रममा, आगामी आर्थिक बर्षको निमित्त कार्यक्रम र वित्तिय योजना बारे छलफल गरिएको थियो । अन्तमा, उपस्थित सम्पुर्ण सदस्यहरु द्वारा मानव स्रोत व्यवस्थापन प्रणाली २०७३, वित्तिय विनियम तथा व्यवस्थापन प्रणाली २०७३, सवारी साधान परिचालन निति र लेखा तथा वित्त सम्बन्धि कार्य निर्देशिका सार्वजनिक गरिएको थियो ।





**मिल डे कार्यक्रम:** सामुदायिक आत्मनिर्भर केन्द्रले किसानहरुको जैविक कृषिलाई प्रचार तथा त्यसको दिगोपनका लागी प्रोत्साहन गर्ने उद्देश्यले मिल डे मनाएको थियो । आत्मनिर्भर केन्द्रले यस्तो खालको कार्यक्रमलाई संस्कारको रुपमा विकशित गर्दै हरेक बर्ष यसरी नै मनाउदै आएको छ ।

## वगर जग्गाको आधार प्रमाण पत्र

ऐलानी जग्गाको लालपूर्जा लिन, स्थानीय स्रोत साधन तथा सार्वजनिक क्षेत्रमा पहुँच बढाउने र एक-आपसमा सहयोग गर्ने उद्देश्यले ९ जना महिला र २३ पुरुष गरी जम्मा ३२ जना जनजाति तथा भूमिहीनहरु सृजना वस्ती गाउँ भूमि अधिकार मञ्चमा संगठित भएका छन्।

राप्ती नदीको किनारामा ५२ विगाह ऐलानी जग्गा छ जस मध्ये करीव ५ विगाह जग्गामा २०६२ फागुन देखि मुक्त कमैयाहरु बसोबास गर्न थालेका हुन । सिसहनियाँ गाविस वडा नं.२ छोट्की सिसहनियाँ र अर्हानपुर गाउँका ५१ मुक्तकमैया परिवारले १ कठ्ठा २ धुर का दरले बाँडफाँड गरी उपयोग गरेका छन् ।

यो जग्गामा बसेका कारण त्यहाँका स्थानीय गाउँलेले विरोध जनाई छाप्रोमा आगो लगाउने समेत धम्की दिए । साथै, मकै बाली लगाएको उक्त जग्गामा बाली फस्टाउने बेलामा चरिचरन गर्ने जस्ता ज्यादती गरेका थिए । मुक्त कमैयाहरु पनि राती घरेलु हतियार लिएर पहरा दिने गर्न थाले । राजनीतिक दल, गाउँले, मुक्त कमैया समाज र भूमिअधिकार मञ्चवीच छलफल भयो र पछि जग्गा उपयोग गर्न दिने सहमति भयो ।  शुरुका बर्षहरुमा ढुङ्गा र वालुवामात्र भएको कारण उत्पादन हुन सकेन तर विस्तारै मलको प्रयोग गर्दै गएपछि जग्गा मलिलो बन्दै गयो ।उक्त जग्गामा तरकारी मकै धान, आलु खेती राम्रो हुनथाल्यो ।

५१ वटा परिवारले गाबिसवाट आधार प्रमाण पत्र लिन सफल भएका छन र ऐलानी जग्गाको गाविसमा तिरो बुझाएर रसिदपनि लिएका छन ।

गाउँमञ्चका सचिव मंगलचौधरी भन्छन् "सरकारले सिफारिस दिई सकेको छ । मालपोतले पनि लिन्छ । अब यिनैको नाममा लालपूर्जा बन्छ । उठाउने जस्ता कुरा गर्न छोडेका छन् । ऐलानी जग्गाको आधार प्रमाण पत्रले हामीहरुलाई बलियो बनाएको महशुस भएको छ । यसका साथै यो जग्गामा गरिएको खेतीबाट २ देखि ३ महिनासम्म खानपुगेको छ । हामीलाई आधार प्रमाण पत्र मञ्चले दिलायो हामी कमैयाको आन्दोलन गर्दा पनि यो सफल हुन सकेको थिएन । भूमिअधिकारको क्षेत्रमाकामगर्ने ठूलो संगठन जिल्ला भूमि अधिकार मञ्च रहेछ । यसमा आवद्ध हुनुपर्छ भनेर गाउँमञ्च गठन गरेका छौं ।"

## पुर्ननिर्माण र जग्गा दर्ता अभियान

सिन्धुपाल्चोकको गाती गाविस वडा नं १ बाट विस्थापित भएका र बाह्रविसे गाविस वडा नं७ को खुसार्नी बारीमा बसेको २३ घर दलित बस्तिमा पुर्न निर्माण र भुकम्पबाट प्रभावित व्यक्तिको नाउँमा जग्गा दर्ता गर्ने सम्बन्धि कार्याविधिकाको सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । जम्मा २३ घर मध्ये ६ घर परिवारको अन्त पनि बस्न योग्य जमिन रहेको र बाँकी १७ घरको कही कतै पनि जग्गा जमिन नरहेको पाइएको थियो ।

यस अघि गाविस सचिब, राजनैतिक दल, गाविस प्राविधिक र भूमि अधिकार मञ्चको संयुक्त निर्णय भए अनुसार प्राविधिकबाट निरिक्षण गर्ने र पुर्न निर्माण प्राधिकरणमा गाविस सचिबको पहलमा विस्थापित परिवार र जोखिममा रहेका परिवारको यथार्थ विवरण तयार पारी समस्या समाधानका लागी पूर्णनिर्माण प्राधिकरणमा संयुक्त निवेदन पेश गर्ने निर्णय भएको थियो । गाविस सचिब राम प्रसाद आर्चायसँग छलफल गर्दा प्राविधिकहरुलाई यसै विषयमा तालिममा पठाइएको र आएपछि स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न पूर्ननिर्माण प्राधिकरणमा लेखि पठाउने जानकारी दिनुभएको थियो । त्यसपछि भूमि अधिकार मञ्चका अध्यक्ष ग्याल्जेन लामा,संयोजक माधब ढकाल,अगुवा जुनकीरी तिमल्सिना,पूर्णकालिन कार्यकर्ता सरस्वती तामाङले पीडित विस्थापित बस्तिमा पुगेर जग्गा दर्ता गर्नको लागी आवश्यक पर्ने वडा मुचुल्का, नेपाल सरकारले खटाएको प्राविधिकले प्रमाणित गरेको कागजपत्र, निवेदन, भोगचलन,तिरो भरो गरेको कागज प्रमाण भए सो प्रमाणको प्रतिलिप,भूकम्प प्रभावित क्षेत्रमा स्थायी बसोबास गरेको भन्ने ब्यहोरा खुल्ने स्थानीय निकायको सिफारिस कागजपत्र तयार पार्दै जाने निर्णय भएको थियो ।

## जवाफदेहिता तथा स्थानीय शासकियता तालिम सम्पन्न

(सिन्धुपाल्चोक)- वडा नागरिक मञ्च, महिला, युवा र स्थानीय निकाय तथा गा.वि.सको, खासगरि सिमान्त तथा संकटाभिमुख समुदाय प्रति जवाफदेहि र पारदर्शी बनाउनका साथै आवश्यक क्षमता विकास गर्ने उद्देश्यले जवाफदेहिता र स्थानीय शासकियता विषयमा सिन्धुपाल्चोक जिल्लाको ५ वटै कार्यक्षेत्र किउल, महाँकाल, इचोक, हेलम्बु र मेलम्चीमा तालिम संचालन गरिएको थियो । वडा नागरिक मञ्चको काम कर्तव्य र जिम्मेबारीको विषयमा छलफल गर्नुका साथै लोकतान्त्रिक शासन व्यवस्थामा जावाफदेहिता र पारदर्शिताको महत्व, आपतकालिन वा विपत व्यवस्थापनमा संकटाभिमुख समुदायको आवाजलाई सुनवाई गर्न गराउन योजना निर्माण प्रक्रिया, जवाफदेहिताको असल अभ्यास गर्न सामाजिक लेखाजोखाका विषयमा कार्यमुलक ज्ञान तथा बुझाईबाट सहभागिहरु लाभान्वित भएका थिए । तालिममा सबै जना गरि महिला ९२, पुरुष ८१ गरि जम्मा १७३ जनाको सहभागिता रहेको थियो ।

## रसुवामा जिविकोपार्जन कार्यक्रमबाट किसान लाभान्वित

रसुवा जिल्लाको लहरेपौवा, धैबुङ र भोर्ले गाविसमा संचालन गरिएको गोलभेडाँ खेतीबाट किसानहरूले ४५ हजार ५ सय ३३ केजी उत्पादन तथा बिक्री गरी २० लाख ४९ हजार ८ रुपिया ँसम्म आम्दानी गरेका थिए । आत्मनिर्भर सेवाकेन्द्र रसुवाको जीविकोपार्जनमा सहयोग कार्यक्रम अन्तर्गत गोलभेडा खेती गरिरहेका किसानहरुलाई गोलभेडा खेतीमा लाग्नसक्ने रोगकिरा, प्रयोग गर्नुपर्ने विषादी, अपनाउनुपर्ने सावधानी, गोलभेडा पात, तथाहांगा काटछाट र हार्भेस्टिङ लगायतको विषयमा छलफल तथा टनेलमा अभ्यास गर्ने उद्देश्यले लहरेपौवामा दिने फलोअप तालिम सञ्चालन गरेको थियो । उक्त तालिममा ७२ जनाको सहभागीता रहेको थियो ।

त्यसैगरि सामुदायिक महिला भवन तथा तरकारी संकलन केन्द्र परिचालन तथा व्यवस्थित गर्नका लागी रु ५० हजार सहयोग गरिएको थियो । भोर्ले र जिबजिबेमा कृषक समूहद्धारा सञ्चालित सङ्कलन केन्द्र र कालिकास्थान तरकारी संकलन तथा विउविजन केन्द्रको लागी तरकारीहरुको मुल्यसूची लेख्नको लागी १/१ वटा ह्वाईट बोर्ड (सेतो पाटि) सहयोग गरिएको थियो । जीविकोपार्जनमा सहयोग कार्यक्रमअन्तर्गत नै काउली खेतीकालागी छनोट भएकाकिसानहरुलाई  विउ, युरिया, डिएपी,पोटास र डेड केजीबोरनका दरले मलहरु वितरण गरिएको थियो ।

### सिन्धुपाल्चोकमा जिविकोपार्जन अर्न्तगतको कार्यक्रमले ल्याएको सुधारात्मक जिवन

सावित्रि आर्चाय-४०, मेलम्ची १ को स्थानीय बासिन्दा हो । बाख्रा गोठालो र भाइबहिनीहरुको हेरचाह गर्दै बाल्यकाल वित्यो उहाँको । १० वर्षको उमेरमा विहान र बेलुकी गरि अनौपचारीक कक्षामा सहभागी हुन थाल्नुभयो । अहिले सामान्य रुपमा लेखपढ र हिसाबकिताब गर्न सक्ने हुनुभएको छ। १३ वर्षको उमेरमा विवाह भयो र उहाँको श्रीमान् अपाङ्ग हुनुहुन्छ । एक आधा हलको बारी र ५ वटा रोपार लाग्ने खेत छ । आफ्नो कमाइले ४ महिना भन्दा खान पुग्दैन । बाँकी अरुको जमीन कमाएर जसो तसो गुजारा गर्दै आउनुभएको थियो यहि क्रममा भुकम्पबाट ठुलो क्षती भयो ।

एक्सनएड नेपाल र आत्मनिर्भर सेवा केन्द्रबाट जीविकोपार्जनका लागि रु. १४ हजार सहयोग पाउनुभयो । त्यो प्राप्त सहयोगबाट दुई वटा बाख्रा किनेर ल्याउनुभयो अहिले उहाँसंग ५ वटा बाख्रा छन् । दुई वटा खसी १६ हजारमा बेच्ने तयारीमा हुनुहुन्छ । र उहाँले ब्यवसायिक रुपमा सुधारिएको खोर बनाई बाख्रा पालन गर्ने योजना बनाउनु भएको छ ।

**योजना संक्षप । अक्टोबर**

भुमि अभियान -

- संयुक्त लालपूर्जा अभियान, भूमि सचेतना शिविर र मोही शिविर
- जिल्ला स्तरिय सरकारी निकायसंग छलफल अन्तरक्रिया गर्ने
- आवास पुन निर्माण सँगै जग्गा दर्ता अभियान
- त्रैमासिक समिक्षा

पुनर्निर्माण / जिविकोपार्जन -

- प्राविधक शिक्षण तालिमको लागि सहभागी छनौट र तालिम सञ्चालन
- समुदाय तहको सहभागीमुलक संकटाभिमुखक क्षमता विश्लेषण र योजना निर्माण
- व्यवसायिक काउली खेतीको निरन्तर अनुगमन गरी आवस्यकता अनुसार प्राविधिक सल्लाह दिने
- किसानहरुलाई प्याजको विउ वितरण गर्ने ।